ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०३ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०१

## ताँजाकोट गाउँपालिका अनुगमन तथा मूल्यांकन ऐन २०७९

**प्रस्तावनाः** नेपालको संविधान तथा प्रचलित कानून बमोजिम प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयन तथा स्वीकृत नीति, योजना तथा कार्यक्रमहरुको नियमित तथा आकस्मिक रुपमा अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण गरी योजना कार्यक्रमहरुलाई परिणाममूखी दिगो तथा भरपर्दो बनाउँदै लैजान र कार्यपालिका कार्यालय तथा वडा समितिहरुको कामलाई थप जवाफदेही सिर्जनात्मक एवं प्रतिस्पर्धी बनाउँदै लैजानका लागि कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी देहाय बमोजिमको ताँजाकोट गाउँपालिकाको अनुगमन तथा मूल्यांकन गर्ने कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी ऐन २०७९ गाउँसभाले बनाएको छ।

**परिच्छेद-१**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) **यस ऐनको नाम** : "ताँजाकोट गाउँपालिका अनुगमन तथा मूल्यांकन ऐन २०७९" रहने छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "समिति" भन्नाले दफा ३ बमोजिमको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण समितिलाई सम्झनु पर्दछ।

(ख) "संविधान" भन्नाले २०७२ सालमा जारी भएको नेपालको संविधानलाई सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "शाखा" भन्नाले गाउँकार्यपालिकाका कार्यालय मातहतका शाखा समेतलाई जनाउने छ।

(झ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन बमोजिम बन्ने नियमावलीमा तोकिएको कुरालाई सम्झनु पर्दछ।

(ञ) "शाखा प्रमुख" भन्नाले ताँजाकोट गाउँपालिका, गाउँ कार्यपालिकाका कार्यालय मातहत रहेको शाखामा प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद–२

३. अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था

(१) **अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण समितिको गठन देहाय बमोजिम हुनेछ।**

(क)गाउँपालकि उपाध्यक्ष - संयोजक

(ख)प्रमुखले तोकेका कम्तिमा एक जना महिला सहित कार्यपालिकाका सदस्यहरु मध्येबाट ३ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सम्बन्धितबिषयगत समितिका संयोजक - सदस्य

(ङ) प्राविधिक शाखा प्रमुख ईन्जिनियर - सदस्य

(ङ) योजना अनुगमन, मूल्यांकन शाखा प्रमुख - सदस्य सचिव

सम्बन्धित विषयगत शाखा प्रमुख र आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रित गर्न सकिने छ।

(२) **समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

(क) स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्ने,

(ख) आयोजना कार्यक्रमको प्रारम्भिक चरणबाट अनुगमन गर्ने,

(ग) कार्यतालिका बमोजिम कार्य भए नभएको एकीन गर्ने र कार्य तालिका बमोजिम भएको नपाइएमा सम्बन्धित पक्षलाई निर्देशन गर्ने,

(घ) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, डिजाइन गरे नगरेको, आवश्यक चेक जाँच गरे नगरेको, कार्य स्थलमा गई निर्देश गरे नगरेको सम्बन्धमा अनुगमन गरी निर्देशन दिने,

(ङ) निर्धारित गुणस्तर तथा प्राविधिक अनुगमन कार्य भए नभएको सम्बन्धमा अनुगमन र सुरपरिवेक्षण गर्ने,

(च) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयन प्रगति अनुगमन गर्ने,

(छ) सञ्चालित योजना कार्यक्रमले लक्षित उपलब्धि हासिल हुन सक्ने नसक्ने सम्बन्धमा तात्कालिक लेखाजोखा गर्ने,

(ज)एक करोडरुपैया भन्दा बढी लागत अनुमान भएका योजना कार्यक्रमहरुको प्रारम्भिक, आकस्मिक र अन्तिममा गरी कम्तीमा ३ चरणमा अनुगमन गर्ने,

(झ) विषयगत शाखा र अन्य क्षेत्रबाटसञ्चालित योजना कार्यक्रमको समेत अनुगमन गर्ने,

(ञ) गाउँपालिका क्षेत्रमा सञ्चालित गैर सरकारी संघ संस्थासँगको सहकार्यमा वा गैर सरकारी संस्थाले गाउँपालिका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमहरुको नियमित अनुगमन, मूल्यांकन गर्ने,

(ट) नेपालको संविधानको अनुसूची ८ र ९ सँग सम्बन्धित विषयको कार्यान्वयन सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक अनुगमन गर्ने,

(ठ) बिषयगत समितिहरुको काममा सहजिकरण र समन्वय गर्ने,

(ड) अनुगमनका सन्दर्भमा दिइएका निर्देशन पालना नभएमा र पालना नगर्ने पक्षलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) समितिले प्रत्येक चौमासिक रुपमा आफूले गरेको अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ,

(ण) गाउँपालिकाको चालु आर्थिक वर्ष भित्र सम्पन्न गरेका अनुगमन कार्यको विवरण, अनुगमन संख्या, प्राप्त उपलब्धि र आगामी दिनमा योजना कार्यक्रम कार्यान्वयन गर्दा अपनाउनु पर्ने सर्तकता सहितको सुझाव गाउँसभा समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने छ। त्यस्तो प्रतिवेदन पेश गर्दा समितिले दिएको सुझाव सम्बन्धित पक्षले कार्यन्वयन गरे नगरेको तथा सुझाव कार्यान्वयनका लागि नीतिगत तथा कानूनी व्यवधान भए त्यस्तो व्यबधान हटाउन गर्नु पर्ने काम समेत औल्याउनु पर्नेछ।

(३) **समितिको कार्य क्षेत्र देहाय बमोजिम हुनेछ।**

(क) गाउँ कार्यपालिका कार्यालय र सो अन्तर्गतका विषयगत समिति, विषयगत शाखा, वडा समिति, वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु ,

(ख) गाउँपालिका क्षेत्र भित्र क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाबाट सम्पादित कार्यहरु ,

(ग) विकास निर्माण, विकास आयोजनाहरु तथा स्थानीय सेवा प्रवाहसँग सम्बन्धित कार्यहरु,

(घ) गाउँपालिकाको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने पक्ष,

(ङ) आधारभूत तथा माध्यमिक तहका विद्यालय, शैक्षिक संघ संस्थाहरु तथा व्यवसायिक शैक्षिक प्रतिष्ठानहरु,

(च) अस्पताल, ल्याब लगायतका स्वास्थ्य संस्था, फर्म, व्यवसायिक स्वास्थ्य प्रतिष्ठान ,

(छ) भवन तथा नक्सा, नक्सा पास प्राकृतिक श्रोत करशुल्क लगाएतका राजश्वहरु,

(ज) बजार, उद्योग, वाणिज्य, व्यक्तिगत घटना, सूचना, प्रविधि, तथ्यांक, अभिलेख,

(झ) गाउँ प्रहरी, कृषि, पशुपंक्षी, सहकारी संघ संस्थाहरु लगायत गाउँपालिकाको काम कर्तव्य अधिकारसँग सम्बन्धित विषय क्षेत्रहरु ।

(४) समितिको सचिवालयको काम अनुगमन तथा मूल्यांकन शाखाको हुनेछ ।

## परिच्छेद -३

**४. विषयगत शाखा तथा वडा समितिको न्यूनतम र्शत तथा कार्य सम्पादन, मूल्यांकन सम्बन्धी व्यवस्था**

(१) कार्यपालिका कार्यालयको विषयगत शाखाहरुबाट सम्पादन भएका कार्यहरुको सम्बन्धमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका आधारमा वार्षिक मूल्यांकन गरिने छ ।

(२) वडा समिति/वडा कार्यालयहरुले वर्ष भरी सम्पादन गरेका कामहरुको सम्बन्धमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका आधारमा वार्षिक मूल्यांकन गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको मूल्यांकनको नतिजा चालु आर्थिक वर्ष को प्रथम चौमासिक भित्र सार्वजनिक गरिने छ ।

(४) न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकन गर्दा प्रत्येक चालु आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्ष को कामको मूल्यांकन गरिने छ ।

(५) यस परिच्छेद बमोजिम गरिने मूल्यांकनका लागि देहाय बमोजिमको सदस्य रहेको एक विज्ञ समूहको गठन गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

स्थानीय शासन विज्ञ - सदस्य

वित्त व्यवस्थापन विज्ञ - सदस्य

ग्रामिण विकास व्यवस्थापन विज्ञ - सदस्य

(६) **विज्ञ समूहका सदस्यहरुको मनोनयन तथा सेवासुविधा तोकिए बमोजिम हुनेछ।**

(७) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका लागि आवश्यक सूचांक मापनका आधार र अंक भार तोकिए बमोजिम हुनेछ। न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका लागि बिषयगत शाखाको कार्यबिभाजन तथा वडा समितिको काम कर्तव्य र अधिकारलाई मुख्य आधार बनाउनु पर्ने छ।

(८) विज्ञ समूहको सचिवालयको काम अनुगमन तथा मूल्यांकन शाखाले गर्नेछ।

(९) यस परिच्छेद बमोजिमको मूल्यांकनबाट उत्कृष्ट हुने शाखा/वडा कार्यालयलाई कार्यपालिकाले तोके बमोजिमको नगद र वडा समितिलाई तोकिए वमोजिमको एउटा योजना पुरस्कारको रुपमा प्रदान गरिनेछ। त्यस्तो पुरस्कार सार्वजनिक कार्यक्रम गरी प्रदान गर्नु पर्ने छ।

## परिच्छेद -४

## विविध

५. समितिले अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गर्दा तथ्य र तथ्यांकमा आधारित मापन योग्य सूचांकको प्रयोग गर्नु पर्नेछ।

६. समितिले प्रयोग गर्ने सुचांक तथा आवश्यक ढाँचाहरु अनुगमन तथा मूल्यांकन शाखाले ऐन लागु भएको मितिले ३० दिन भित्र तैयार गरी समितिमा पेश गर्नु पर्नेछ।

७. अनुगमन मूल्यांकन र सुपरिवेक्षण प्रतिवेदन तयार गरी समितिबाट निर्णय गराई प्रमुख मार्फत चौमासिक रुपमा कार्यपालिकामा र वार्षिक रुपमा गाउँसभामा पेश गराउने जिम्मेवारी अनुगमन तथा मूल्यांकन शाखाको हुनेछ।

८. सूचकांक तयार गर्दा सबै विषय क्षेत्र समेटने गरी तयार गर्नु पर्नेछ।

९. कार्य सम्पादन मापनका लागि सूचकांक तयार गर्ने जिम्मेवारी अनुगमन, मूल्यांकन शाखाको हुनेछ।

१०. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा विषयगत रुपमा अनुगमन सम्बन्धी छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम अनुगमन र छुट्टै व्यवस्था नभएको हकमा यसै ऐन बमोजिम हुनेछ।

११. प्रचलित ऐन बमोजिम गरिएको अनुगमन सम्बन्धी प्रतिवेदनको एकप्रति अनुगमन संग सम्बन्धित शाखा, शाखाले अनुगमन तथा मूल्यांकन शाखालाई उपलब्ध गराउनु पर्नेछ र त्यस्तो प्रतिवेदनलाई एकीकृत अभिलेख राख्ने तथा एकीकृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी अनुगमन तथा मूल्यांकन शाखाको हुनेछ।

१२. समितिको सचिवालयको काम अनुगमन तथा मूल्यांकन शाखाले गर्नेछ।

१३. नियम बनाउन सक्ने : यो ऐनको उद्देश्य कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

१४. बाधा अड्काउ फुकाउ : यो ऐनको कार्यान्वयनमा कुनै समस्या भएमा बाधा अडकाउ फुकाउने अधिकार गाउँसभामा हुनेछ।

१५. बचाउः यो ऐन लागु हुनु पूर्व गरिएका अनुगमन सम्बन्धी कार्य यसै ऐन वमोजिम गरिएको मानिने छ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत